त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

## सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार स्नातकोत्तर तह भौतिक शास्त्र विषय प्रथम वर्ष दोश्रो शत्रको आंशिक परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार संचालन हुने स्नातकोत्तर तह **भौतिक शास्त्र** विषय **प्रथम वर्ष दोश्रो शत्र २०७५ समूह वा सो भन्दा अगाडिका समूहको आंशिक परीक्षा दिई अनुत्तिर्ण भएका परीक्षार्थीहरुको** लागि परीक्षा आवेदन फाराम २०७८ साल भदौं ३० गते सम्ममा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस / कलेजहरुले फारामहरु रुजु गरी मिति २०७८ साल असोज १ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउन पर्ने छ ।

**१. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

(क) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फराम साथै पठाउनु पर्नेछ ।

(ख) आन्तरिक मूल्यांकन अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वत: रद्द हुनेछ ।

(ग) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आबेदन फारामसाथ पठाउनु पर्नेछ ।

**२. परीक्षा शुल्क :**

क. प्रति शत्र परीक्षा शुल्क रु. १,५००।-

**३. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंकको चल्ती हिसाब नं. ०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

**४. परीक्षा केन्द्र : पछि तोकिने छ ।**

**५. प्रयोगात्मक परीक्षा :** परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/ कलेजहरुले सम्पन्न गरी सक्नु पर्नेछ ।

**द्रष्टव्य :**

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

मिति : २०७८।०५।२०

सहायक डीन